# २०६९ सालको मदन पुरस्कारद्वारा सम्मानित श्री राजन मुकारुङको उद्‌गार

**आदरणीय अध्यक्षज्यू, डा. उपेन्द्रमानज्यू, मञ्चमा आसीन अतिथि गण, जगदम्बा-श्री सम्मानबाट सम्मानित व्यक्तित्व आदरणीय दाजु रत्नशमशेर थापाज्यू, उपस्थित विद्वान्-विदूषीहरू !**

आज यस गरिमामय समारोहमा पुरस्कृत लेखकका रूपमा उभिँदा सबैभन्दा पहिले पुरस्कृत कृति 'दमिनी भीर'का मेरा ती पूज्यनीय पात्रहरूलाई यहाँ सम्मानपूर्वक सम्झन र सम्मान गर्न चाहन्छु, जसले आफ्नो जिन्दगीका तमाम दु:खहरू भोगे र भोगिरहेका छन्। मलाई लागिरहेको छ, नेपाली समाजका तिनै सीमान्तकृत तथा उत्पीडित समुदाय, वर्ग, क्षेत्र वा महिलाहरू, हो, उनीहरू नै यो गरिमामय पुरस्कारद्वारा पुरस्कृत भएका छन्। र नै, गर्बिलो अनुभूतिका साथ म यहाँ उभिएको छु। यो अनुभूतिलाई म यहाँ सबैसित बाँड्न चाहन्छु।

यतिबेला म नेपाली साहित्यको एक विद्यार्थी भएको नाताले आफ्नो समयको बोध गर्ने थप जिम्मेवारीमा अवश्य उभिएको छु। नेपाली समाजमा परिवर्तनका लागि आफ्नो सिर्जनालाई माध्यम बनाएर विगत १५ वर्षदेखि 'सिर्जनशील अराजकता' नामक साहित्यिक आन्दोलन चलाउन मसगँसँगै सहयात्रा गर्नुहुने स्रष्टाद्वय उपेन्द्र सुब्बा र हाङयुग अज्ञातलाई यतिबेला मैले सम्झनै पर्छ। यसै गरी, हाम्रो आन्दोलनलाई

साथ दिनुहुने तमाम युवापुस्ता कवि/स्रष्टाहरू जसले मलाई लेख्नका लागि निरन्तर बल-तागत दिनुभयो, उहाँहरू सबैलाई म सम्मान गर्दछु।

'दमिनी भीर' लेख्न मलाई पूरापूर तीन वर्ष लाग्यो। यस क्रममा मैले लच्छी र धौले कान्छाजस्ता भावनाले उच्च पात्रहरूलाई निकै दुःख दिएँ, हाङदिमासित मैले प्रेमिलो संगत गरेँ, टाइसन दाइको पसलमा मैले निकै पल्ट साथ पाएको छु, नवीन र निसामको साहस बटुलेको छु, नाम्देङहरूको भोगाइ मेरो झन्डै आफ्नो बन्यो, साथै अरू पात्रहरू ती सबैलाई मैले प्रत्यक्ष/परोक्ष आफूमा भित्र्याउन पाएँ, तिनैलाई बुनेको हुँ 'दमिनी भीर'को आख्यानमा। आज हामी सबै एकसाथ पुरस्कृत भएका छौँ, हामी सबैलाई बधाई भन्छु म।

म मुन्दुमी संस्कार बोकेर बाँचिरहेको मानिस हुँ। यस 'दमिनी भीर' उपन्यासमा मैले जुन भूगोल लेखेँ, त्यहाँको समाज, संस्कृति र सभ्यता वा त्यो मुन्दुमी विशिष्टता मेरो लेखनशैलीको विरासत हो। त्यहाँको जीवन-पद्धति मेरो दर्शन हो। त्यही दर्शन लेखेर आज पुरस्कृत हुन पाउँदा फेरि पनि म आफ्नो संस्कृति र सभ्यताप्रति नतमस्तक रहन्छु।

मैले साहित्य लेख्न थालेको २२ वर्ष भयो। विगत दश वर्षदेखि म आफू 'होल टाइमर पूर्णकालीन' लेखक भइरहेको छु। आज यो पुस्कार पाउँदा मेरो जीवनको साहित्यिक कालखण्डमा मैले खपेका थुप्रै उकाली-ओराली र घुम्तीहरू मेरा लागि प्रेरणादायक छन्। मेरो लेखनप्रति सहमति/असहमति राख्नेहरू सबै मेरा पथप्रदर्शक हुन्। स्याबासी होस् या दुत्कार ती सबै मेरा लागि ऊर्जाका स्रोतहरू हुन्। यतिवेला मैले आफ्नो प्रतिबद्धता जनाउनै पर्छ, भन्छु– मेरो कर्म 'लेख्ने, लेख्ने र फेरि पनि लेख्ने' नै हो।

पुरस्कारको घोषणा भएका दिनदेखि नै मेरो मोबाइल, फेसबुक हजारौंहजार शुभचिन्तक, शुभेच्छुकका बधाई र शुभकामनाहरूले भरिएका छन् । भ्याइनभ्याइ भइरहेको अवस्था छ मलाई । यसले 'मदन पुरस्कार'को गरिमा र ओज कति छ भन्ने अर्थ राख्दछ। यस्तो ओजपूर्ण पुरस्कारले 'दमिनी भीर' उपन्यासलाई पुरस्कृत गर्नुभएकोमा मैले मदन पुरस्कार गुठीप्रति कृतज्ञ हुनै पर्दछ, भएको छु।

एउटा लेखकका लागि कृति लेखनको हरेक हिसाबले आरम्भदेखि अन्त्यसम्मको समय निकै महत्त्वपूर्ण अवश्य हुन्छ । 'दमिनी भीर' लेख्दाको समय पनि जरुर महत्त्वपूर्ण छ। सुन्दर गाउँमा बाटो खनिनु, संविधानसभाको चुनाव हुनु र संविधान नै नबनाई संविधानसभा विघटन हुनुका घटनाक्रमहरू यो उपन्यासका लागि सदा सचेतक छन्, भइरहनेछन् ।

'दमिनी भीर' लेख्न बस्दादेखि नै हौसाइरहने प्रकाशन संस्था 'फिनिक्स बुक्स' पनि यो पुरस्कारको अंसियार हो। फिनिक्स बुक्सलाई पनि बधाई ! विशेषत: उपन्यास लेखिरहँदाकै समयदेखि निरन्तर रूपमा 'दमिनी भीर'का बारे असल सन्देश प्रवाह गरिरहने प्रतिभाशाली कवि चन्द्रवीर तुम्बापोले पनि यो पुरस्कारको हक राख्छन् । यसै गरी युवा कविहरू विमला तुम्खेवा, स्वप्निल स्मृति, विश्व सिग्देल, केशव सिलवाल, अमोघ काफ्ले, रावत, हेमन यात्री, दुतेन्द्र चाम्लिङ, छम गुरुङ र पत्रकारहरू यज्ञश, वसन्त बस्नेत, दीपक सापकोटा, कला अनुरागीहरूको बलियो साथ मेरा लागि सधैँ घच्ची लाग्दो भइरहन्छ।

र अन्तमा, यो उपन्यासलाई लेखिरहँदा छोरी श्रुतिमाले मप्रति राखेको 'ख्याल' आज मैले कसरी भुल्ने ? आफूलाई अनन्त दु:खमा डुबाएर पनि मलाई निरन्तर लेख्नमै उत्साहित गरिरहने मेरी जीवन साथी

प्रगति राई, जो आफैं पनि प्रतिभाशाली लेखिका हुन्, भर्खरै मात्र उनको उपन्यास 'लेखककी स्वास्नी' प्रकाशन भएको छ, उनी अहिले कोरियामा छिन् । यहाँनेर मैले उनलाई सम्मान गरिनँ भने मैले पुरस्कार पाउनुको सार्थकता रहँदैन। मेरी आमा विष्णुरेखा राई जसले मलाई जहिल्यै 'ठूलो मान्छे होइन, असल मान्छे' बन्ने आशिष दिइ-रहनुहुन्छ, यतिवेला म आमाप्रति सम्मानले झुक्छु ।

धन्यवाद !

–राजन मुकारुङ